म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३३६ बुधबार ३ साउन २०८० ने. सं. ११४३ अनलागा 19 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राप्ती खोलामा डुबेर एक जनाको मृत्यु

हेटौंडा, २ साउन/पौडी खेल्ने क्रममा हेटौंडा-१० स्थित राप्ती खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । साथीहरुसँग पौडी खेल्ने क्रममा नाम थर नखुलेका एक व्यक्तिको मृत्यु भएको हो । मंगलवार दिउँसो राप्ती खोलामा ३,४ जना युवा समूह पौडी खेलिरहेको र एकजना डुवेको भन्ने खबर प्राप्त हुनासाथप्रहरी टोली पुगी उद्दार गरी उपचारको लागि हेटौंडा अस्पताल पठाइएको र उपचारको क्रममा ज्यान गएको प्रहरीले जनाएको छ । प्रहरीले घटनाको आवश्यक अनुसन्धान भइरहेको र सोधपुछका लागि ४ जना व्यक्तिलाई नियन्त्रणमा लिइएको जनाइएको छ ।

### औद्योगिक क्षेत्रका उद्योग:

## जग्गा पनि छाड्दैनन्, अड्काएर मात्रै राख्छन्

निशा गुरुङ

हेटौंडा, २ साउन/ क्षेत्रफलका हिसाबले देशकै ठूलो हेटौंडा औद्योगिक क्षेत्रमा नयाँ उद्योगका लागि जग्गा अभाव छ । उद्योगीले नयाँ उद्योग खोल्न चाहेमा हेटौंडा औद्योगिक क्षेत्रमा पर्याप्त जग्गा पाईदैन ।

जसको कारण हो, विगतका उद्योगले जग्गा कब्जा गरि राख्नु । वर्षौंदेखि उद्योग नचलाएर पनि शक्तिको आढमा जग्गा कब्जा गरेर राखिरहँदा नयाँ उद्योगले जग्गा पाएका छैनन् ।

औद्योगिक क्षेत्रभित्र पुराना ९ वटा उद्योगको संरचना अझै छ । जुन संरचना प्रयोगविहीन हुनुका साथै नयाँ उद्योगका लागि अवरोध सृजना गरिरहेका छन् । तर, औद्योगिक क्षेत्रको व्यवस्थापनका लागि काम गरिरहेको सरकारी निकाय हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय निरीह जस्तै बनेको छ । वर्षौंदेखि जग्गा कब्जा भइरहँदा पनि कुनै कारबाही प्रक्रिया अगाडि नबढाएर राज्यको ठूलो आयस्रोतमा अंकुश लागि रहेको हो ।

नयाँ उद्योग सञ्चालनमा आएपछि राज्यलाई आयस्रोतमा बढोत्तरी हुनेमा कुनै दुविधा छैन । तर, न पुराना उद्योगले संरचना हटाउँछन न त नयाँ उद्योग आउन बाटो खोलिदिन्छन् । यसरी जग्गा कब्जा गरेर बस्नेमा वनस्पति घ्युदेखि नेपाल ब्रुअरिज प्रालिसम्म छ । जग्गा ओगट्ने तर, उत्पादन नथाल्ने कम्पनीका नाममा सम्झौता रद्द गर्ने प्रयोजनका लागि कानुनअनुसार निकालिएको सूचनालाई नै कार्यान्वयनमा नलगेर कार्यालयले कानुनी राज्यको धज्जी उडाएको छ ।




विगतमा २०६६ सालदेखि र पछिल्लो समय २०७८ सालमा जग्गा सम्झौता गरेर उद्योग सञ्चालन नगरी बस्ने उद्योगहरु छन् ।

औद्योगिक क्षेत्रमा विगतमा सञ्चालित ९ वटा उद्योग बन्द भएको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख क्षेत्र व्यवस्थापक भोजराज बिनाडीले जानकारी दिए । बन्द भएका ९ वटा उद्योगमध्ये नेपाल वनस्पति घ्यु उद्योग लिमिटेड, प्लाष्टिक फर्निचर लगायतका सामग्री उत्पादन गर्ने हिमालयन पोलिमर्स प्रालि, टिनका कन्टेनर र डब्बा उत्पादन गर्ने बाबा म्यानुफ्याक्चरिङ प्रालि, जैविक मल उत्पादन गर्ने ग्रिनगोल्ड इन्टर नेशनल प्रालि बन्द भएका छन् ।

प्लाष्टिकका बोत्तल उत्पादन गर्ने बानियाँ मल्टी प्रोडक्ट्स ईण्डष्ट्रिज, मदिरा उत्पादन गर्ने सन्नी डिष्टिलरी प्रालि, बियरजन्य पेयपदार्थ उत्पादन गर्ने नेपाल ब्रुअरिज प्रालि, चिया प्याकिङ गर्ने त्रिपुरा इण्डष्ट्रिज (नेपाल) प्रालि, प्लाष्टिकका सामग्री उत्पादन गर्ने इन्भारोप्लाष्ट नेपाल प्रालि उद्योग बन्द छन् ।

यी ९ उद्योग न पुन: सुचारु गर्छन् न जग्गा नै छोड्छन् । क्षेत्र व्यवस्थापक बिनाडीले ९ वटा उद्योगले जग्गा नछोडेको तर, पुन: सञ्चालन गर्ने जानकारी गराएको बताउँछन् । तर, उनै बिनाडी उद्योग बन्द भएपछि संरचना पनि कानुनत: हटाउनुपर्ने भन्छन् । 'उद्योग बन्द भइसकेपछि संरचना हटाउनुपर्ने हुन्छ । तर, उहाँहरुले हटाउनु भएको छैन । उद्योग सञ्चालन गर्छु भनेर लिखित जानकारी नै दिएकाले समय दिएका हौं ।', उनले भने । डेढ वर्षभित्र बन्द भएका उद्योगले पुन: उत्पादन नथालेमा कानुनी प्रक्रिया अनुसार अगाडि बढ्ने जानकारी दिए । संरचना लिलामी गर्नेसम्मको कदम कार्यालयले उठाउने उनको दाबी छ । उद्योगपतिले पुन: उद्योग सञ्चालन गर्ने र सम्झौता रद्द नगर्न लिखितरुपमै दबाब दिएको उनको भनाई छ ।

हाल आर्थिक संकटका कारण उद्योग पुन: सञ्चालन गर्न नसक्ने जानकारी गराएकाले डेढ वर्षसम्म समयको मौका दिने उनको भनाई छ । जस्तै: विगतमै बन्द भइसकेका उद्योगको ठाउँमा नयाँ उद्योग आएर उत्पादन थालिसकेको उदाहरण पनि छन् । बर्सेनी करोडौंको सामान निकासी गर्ने बहुराष्ट्रिय कम्पनी कोलगेट पाल्मोलाइभ नेपाल प्रालि, एभरेष्ट मिनरल प्रोडक्ट, मकवानपुर इन्जिनियरिङ जस्ता उद्योगहरु यसअघि नै बन्द भएर उक्त स्थानमा नयाँ उद्योग स्थापित भइसकेका छन् । त्यस्तै, एभरेष्ट पोलिमर्स, एभरेष्ट भिनाइल, रिज्वाइन क्वालिटी फुड, एसिएन लेदर आर्टस् एण्ड टानिङ जस्ता उद्योग पनि केहीवर्ष अघिदेखि अस्तित्वमा छैनन् र उक्त स्थानमा नयाँ उद्योग आएर उत्पादन गरिरहेका छन् ।

हेटौंडा औद्योगिक क्षेत्रमा हाल १ सय ६ वटा उद्योग सञ्चालनमा रहेको क्षेत्र व्यवस्थापक बिनाडीले जानकारी दिए । जसमध्ये १३ वटा उद्योग अन्य सरकारी तथा गैरसरकारी कार्यालय तथा संघसंथाबाट सञ्चालन भइरहेको क्षेत्र व्यवस्थाक बिनाडीले जानकारी दिए । औद्योगिक क्षेत्रको कुल क्षेत्रफल ३२ सय २८ रोपनी हो । जसमा १९ सय ६६ दशमलव ०५ रोपनी जग्गा उद्योगलाई भाडामा दिएको छ भने ५ सय ९७ रोपनी जग्गा सामाजिक संगसंस्थाले ओगटेको छ ।

हेटौंडा औद्योगिक क्षेत्रमा जग्गा सम्झौता गरेको २ वर्षभित्र उत्पादन सुरु नगरेमा सम्झौता रद्द गर्नुपर्ने कानुनी व्यवस्था छ ।

बाँकी पृष्ठ-४.....

## बागमती सरकारको राजस्व संकलनमा गिरावट

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ बागमती प्रदेश सरकारको राजस्व संकलनमा गिरावट आएको छ । प्रदेश सरकारले गत आर्थिक वर्ष २०७९/८० मा अनुमान भन्दा १७ प्रतिशत कम राजस्व संकलन गरेको लेखानियन्त्रक कार्यालय बागमती प्रदेश हेटौंडाले जनाएको छ ।

कार्यालयको प्रारम्भिक तथ्यांकअनुसार प्रदेश सरकारले गत आर्थिक वर्ष २०७९/८० मा राजस्व संकलनमा अनुमानभन्दा ९ अर्ब रुपैयाँ कम उठेको हो । प्रदेश सरकारका विभिन्न निकायले यो वर्षमा अनुमान गरेभन्दा ९ अर्ब ४३ करोड रुपैयाँ कम राजस्व संकलन गरेको कार्यालयका प्रमुख हरिप्रसाद उपाध्यायले जानकारी दिए । उनका अनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा ५५ अर्ब ३१ करोड रुपैयाँ राजस्व संकलनको अनुमान गरेकोमा आर्थिक वर्षको अन्त्यसम्ममा ४५ अर्ब ८८ करोड रुपैयाँ संकलन गरेको प्रारम्भिक तथ्यांक छ ।

केही राजस्व शीर्षकको हिसाव मिलानको काम बाँकी नै रहेकाले राजस्व संकलनको केही बढ्न सक्ने उनले बताए । प्रदेश सरकारले विभिन्न आयस्रोत र गत वर्षको नगद मौज्दात सहित ७० अर्ब ९३ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको उनले बताए । प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को सुरुवातसम्ममा नगद मौज्दातसहित ७७ अर्ब ८२ करोड रुपैयाँ संकलन गरेको उनको भनाई छ । प्रदेश सरकारले सो आर्थिक वर्षमा संघीय र स्थानीय तहबाट बाँडफाँड हुने राजस्वअन्तर्गत अनुमानभन्दा २६ प्रतिशत कम प्राप्त भएको हो ।

संघीय र स्थानीय तहबाट बाँडफाँड हुने मूल्य अभिवृद्धि कर, आय कर, प्राकृतिक स्रोत उत्खनन् दस्तुर, मालपोत लगायतका राजस्वमार्फत् अनुमानको ७४ प्रतिशत मात्र संकलन भएको छ । सो शीर्षकअन्तर्गत २८ अर्ब ४५ करोड रुपैयाँ राजस्व संकलनको अनुमान गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा २१ अर्ब ४ करोड रुपैयाँ मात्र संकलन भएको हो । त्यस्तै, संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणअन्तर्गत २१ अर्ब ४ करोड प्राप्त हुने अनुमान गरिएको थियो । तर, आर्थिक मन्दीका कारण संघीय सरकारले बजेट कार्यक्रम कटौती गर्दा केही कार्यक्रम फिर्ता भएको थियो ।

कार्यक्रम फिर्ता हुँदा प्रदेश सरकारले वित्तीय हस्तान्तरण अन्तर्गत १७ अर्ब ९९ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा सतप्रतिशत रकम प्राप्त नभएको कार्यालय प्रमुख उपाध्यायले बताए । आन्तरिक स्रोतअन्तर्गत वन, सञ्चार तथा विभिन्न साना तथा घरेलु उद्योग दर्ता, नवीकरण र सेवा सुविधाअन्तर्गत आर्थिक वर्ष २०७९/८० मा ४ अर्ब ७४ करोड रुपैयाँ आय संकलन हुने अनुमान गरेको थियो । प्रदेश सरकारले आन्तरिक स्रोतमार्फत् बागमती सभ्यता तथा नारायणी राप्ती सभ्यतासहित अनुमन गरिएको उक्त रकममध्ये सो वर्षमा ५ अर्ब ९९ करोड रुपैयाँ आय संकलन गरेको छ ।

प्रदेश सरकारले सो आर्थिक वर्षमा अनुदान फिर्ता, वेरुजु लगायतका शीर्षकमार्फत् १ अर्ब ५ करोड रुपैयाँ आय संकलनको अनुमान गरेकोमा आर्थिक वर्षको अन्त्य असार मसान्तसम्ममा १ अर्ब ४४ करोड रुपैयाँ आय संकलन गरेको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !




Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

हेटौंडा सिटी कलेज/जेनिथ
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435



Unlock Your Leadership Potential by Pursuing a Management Degree.

Study +2
MANAGEMENT
BUSINESS STUDIES, COMPUTER SCIENCE AND MATHEMATICS
CLASS STARTS FROM 15th SHRAWAN

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
For inquiry: 9855074222
ENROLL NOW
Hetauda-4, Makawanpur · info@hsm.edu.np · www.hsm.edu.np
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# संकटमा स्वदेशी लगानी

हेटौंडा औद्योकि क्षेत्रका औद्योगिक प्रतिष्ठानमा निजी क्षेत्रको करिव १५ अर्ब रुपैयाँ र सरकारी क्षेत्रको १ अर्ब रुपैयाँ लगानी छ । सञ्चालनमा रहेका उद्योगले पूर्ण क्षमतामा सञ्चालन गर्न सकेका छैनन् । न्यूनतम क्षमतामा मात्र उद्योग सञ्चालन भइरहेको अवस्था छ । नेपालमा औद्योगिक प्रतिष्ठान संचालन गर्नुभन्दा भारतीय मुलुकमा उत्पादन भएका सामान ल्याएर मार्केटिङ गर्दा फाइदा हुने अवस्था रहेको लगानीकर्ताहरु बताउँछन् । नेपालले पनि खुल्ला अर्थतन्त्रको पक्षमा वकालत गर्न थालेपछि स्देशी लगानी संकटमा पर्दै गएको हो । अर्कोतर्फ औद्योगिक प्रतिष्ठानमा हुने चरम राजनीतिले पनि लगानकर्ता चिन्तित छन् । केही लगानीकर्ताले श्रमिकलाई अत्यन्तै न्यून पारिश्रमिक दिएका कारण पनि मजदुरमा समस्या देखिएको छ । औद्योगिक प्रतिष्ठानले नाफा कमाएको खण्डमा मात्र मजदुरले ज्याला पाउने हो । उद्योग नै र म्रोसँग चल्न नसकेको अवस्थामा मजदुरी संकटमा पर्ने नै भयो । स्वदेशी उत्पादनलाई भन्दा विदेशी ब्राण्डलाई उच्चप्राथमिकता दिने हाम्रो समाजको चिन्तन, लगानीको जोखिमका कारण पलाएन भएको पूँजी, औद्योगिक क्षेत्रमा चरम राजनीति, अस्थिर सर कार, सरकार परिबर्तन भएपिच्छेको बिबादास्पद निर्णय आदि कारणले नेपालमा लगानीमैत्री वातावरण नभएको भन्दै लगानीकर्ता पन्छिएका छन् ।

हेटौंडा औद्योगिक क्षेत्रमा सञ्चालन भएका उद्योगहरु दुग्ध वितरण आयोजना, दाना उद्योग, साबुन, पानी, खाद्यपदार्थ र प्लास्टिकजन्य उद्योग छन् । कोभिड-१९ को सक्रमणका कारण भएको लकडाउन पछिका दिनमा उद्योगी, व्यबसायी र मजदुर सबै समस्यामा परेका छन् । उद्योग पूर्ण क्षमतासाथ सञ्चालन हुन सकेका छैनन् । कतिपय उद्योगहरु धमाधम बन्द भएका कारण हजारौं मजदुरका रोजीरोटी अन्यौल बनेको छ । हेटौंडा औद्योगिक क्षेत्रमा ४ वटा उद्योग निकै लामो समयदेखि पूर्णरुपमा बन्द अवस्थामा छन् । करिब ३१ सय रोपनी क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रमा अन्य नयाँ उद्योगको लागि भने जग्गा खाली छैन । हेटौंडा-१४ मयुरधापमा करिब २ सय बिगाहा क्षेत्रफलमा औद्योगिक क्षेत्र-२ पनि सञ्चालनमा ल्याउन सकेको अवस्था छैन । नेपालमा पहिलो पटक २०१९ सालमा बालाजु औद्योगिक क्षेत्र स्थापना भएपछि त्यसयता १० वटा औद्योगिक क्षेत्र मात्र स्थापना भएका छन् । पछिल्लो पटक २०४४ सालमा गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र स्थपनाको ३० वर्षसम्म नयाँ औद्योगिक क्षेत्र बन्न सकेको छैन । सरकारले १० वटा औद्योगिक क्षेत्र व्यवस्थापनका लागि २०४५ सालमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड स्थापना गरेको थियो । लिमिटेडले नै १० वटा औद्योगिक क्षेत्रको व्यवस्थापन गर्दै आएको छ । भारत सरकारको सहयोगमा पाटन औद्योगिक क्षेत्र २०२०, धरान २०२९, नेपालगन्ज २०३० र गजेन्द्रनारायण २०४४ सालमा स्थापना गरिएको थियो । यसैगरी बालाजु औद्योगिक क्षेत्र र हेटौंडा औद्योगिक क्षेत्र अमेरिकाको सहयोगमा २०२० सालमा स्थापना भएको हो । पोखरा २०३१ र बुटवल २०३२ मा नेपाल आफैंले स्थापना गरेको थियो । भक्तपुर २०३६ सालमा जर्मन र वीरेन्द्रनगर २०३८ सालमा नेदरल्यान्डको सहयोगमा औद्योगिक क्षेत्र स्थापना गरि एको थियो । पछिल्लो पटक सरकारले एक स्थानीय तह एक औद्योगिक ग्रामको अवधारणा ल्याएपनि त्यसअनुसार औद्योगिक ग्रामका लागि लगानी जुटाउन सकेको छैन । नयाँ औद्योगिक क्षेत्र घोषणा गरेपनि त्यसमा आवश्यक पूर्वाधारको प्रबन्ध गर्न नसक्दा लगानीकर्ता निरन्तर पलायन भएका छन् ।

पछिल्ला केही वर्षदेखि देशको कुल गार्हस्थ उत्पादन (जीडीपी)मा उद्योगको योगदान घटेर ७ प्रतिशतमा झरेको छ । यसलाई बढाएर १० प्रतिशतसम्म पुऱ्याउनु पर्ने बिज्ञहरुले बताइरहेका छन् । सरकारले नेपालको औद्योगिक क्षेत्रभित्र उत्पादन भएका सामान १० प्रतिशत महँगो भए पनि खरिद गर्ने ऐन प्रभावकारी रुपमा लागू हुन सकेको छैन । २ हजार ८ सय २९ रोपनीमा फैलिएको हेटौंडा औद्योगिक क्षेत्र नेपालकै सबभन्दा ठूलो औद्योगिक क्षेत्र हो । सबभन्दा व्यवस्थित र सुविधासम्पन्न औद्योगिक क्षेत्र पनि यही हो । हेटौंडा औद्योगिक क्षेत्रमा राष्ट्रिय महत्वका ठूला उद्योगहरु खुले । तर, पछिल्ला दिनहरु औद्योगिक प्रतिष्ठानका लागि फलामको च्यूरासरह भएका छन् । औद्योगिक क्षेत्रको महत्व नबुझेसम्म नेपालमा लगानीमैत्री वातावरण तयार हुनेवाला छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन ४ गते बिहीबार २० जुलाई २०२३ । तृतीया, अधिक श्रावण शुक्लपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२१, सूर्यास्त ६:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विरोधी परास्त हुनेछन् | **तुला** | : स्थिति अनुकूल बन्नेछ |
| **वृष** | : व्यापारमा लाभ हुनसक्नेछ | **वृश्चिक** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **मिथुन** | : काममा सफलता मिल्नेछ | **धनु** | : अहंकारको भावले काम विगार्नेछ |
| **कर्कट** | : अधुरा कामहरु पूरा हुनेछ | **मकर** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **सिंह** | : स्वास्थ्यको समस्या आउनेछ | **कुम्भ** | : व्यापार राम्रो चल्नेछ |
| **कन्या** | : परिवारमा सुखद माहौल रहनेछ | **मीन** | : मानसिक सन्तोष हुनेछ |

# बुढो रूखको समृद्धि याचना



✍ डा. लीलानाथ शर्मा

आउनुस् म यो जंगलभित्रको कथा भन्छु । एउटा बुढो र जीर्ण रूखको कथा हो । समृद्धिको बाधक करार गरिएको एउटा अभियुक्तको कथा हो । दुई शताब्दी अघिदेखि यही ठाउँमा टक्क उभिएर यो देशको राजनीति, भूगोल र जलवायुको आरोह-अवरोह हेरिरहेको एउटा भीमकाय वृक्षको कथा हो । मलाई लाग्छ- यो कथा समयको पनि हो ।

कतिपयलाई मेरो कथा वाहियात् गन्थन लाग्न सक्छ तर, मैले यो कथा हचुवामा कथेको हैन त्यसैले मनन गर्न सक्नेलाई ठीकै लाग्ला । हुन सक्छ यसलाई पाठकहरूले आ-आफ्नो दृष्टिकोण अनुसार बुझ्नेछन् । जुनसुकै मूल्यमा पनि आर्थिक वृद्धि हासिल गर्नुपर्छ भन्नेहरूलाई त मेरो कथा पक्कै बेकम्मा लाग्न सक्छ ।

धेरै मानिसले मलाई अजंग, उराठ, मक्किएको, धोत्रिएको, झांगिएको, बाङ्गिएको र कुनै उपयोगिता नभएको फगत एउटा बुढो रूख भन्न सक्छन् । मलाई मेरो फेरिएको रूपसँग खासै गुनासो र गर्व दुवै छैन । अमर हुन नसके पनि मेरो एउटा लामो जिन्दगी बाँचेको छु ।

उसो त मानिसहरू जति नै विकसित र आधुनिक प्रविधिले सुसज्जित भए पनि म जति बाँच्न सकेका छैनन् । मृत्यु हरेक जीवनको अनिवार्य सत्य हो ! कोही रोगले थलिएर त कोही उमेर सँगै जीर्ण भएर मर्छन् । धेरैलाई मृत्यु आकस्मिक हुन्छ तर मलाई चाहिं मेरो मृत्यु यही बेला हुँदैछ भन्ने जानकारी आइसकेको छ । यो रूख काट्नुपर्छ भनेर रातो संकेत मेरो शरीरमा लगाएर गएदेखि मलाई मेरो मृत्युचेत भएको छ । म काटिनु, नासिनु वा ढालिनु त्यति धेरै चिन्ताको विषय हैन, चिन्ताको विषय यो हो कि बुढा रूख र प्राकृतिक वन विकास र समृद्धिका बाधक हुन् भन्ने भाष्य नजानिंदो तरिकाले मेरो देशमा स्थापित गराइँदैछ ।

लामो समयदेखि देशमा समृद्धिको हावा छ । ऐतिहासिक, राजनैतिक सुव्यवस्थाको नजर बाट हेर्ने हो भने मलाई पूरापूर याद छ, म सानो छँदैदेखि यो देशमा चैन छैन । हुन त रूखलाई मानिसहरूलाई जस्तो बोल्ने, हिंड्ने सुविधा छैन । न त रूखको मानिसहरूको जस्तो आन्दोलनमा मोर्चाबन्दी हुने सामर्थ्य न चाहना नै छ । तर म मेरो जन्मेदेखि यही ठाउँमा उभिएर यो देश र यसको नियति हेरिरहेको छु ।

देशमा पछिल्लो सात दशकमा विभिन्न व्यवस्था परिवर्तन गर्ने र यसको माध्यमबाट विकास, प्रगति र समृद्धि गर्ने कुरा चर्को नै सुन्दै आएको छु । राणाशाहीको अन्त्य, पञ्चायतको उदय र अन्त्य, एक दशकभन्दा लामो द्वन्द्व हुँदै गणतन्त्रको स्थापना, संविधान र संघीयतासम्म हेर्दा पनि देशलाई समृद्धितर्फ लैजाने कैयौं कानचिरुवा जोगीहरू नै आए र गए । अघि-पछि पनि विभिन्न भाषा र भाष्यमा विकास, समृद्धिको अमूर्त अलाप लगाउने गरिन्थ्यो नै । राज्य पुनर्संरचना सहितको संविधान पश्चात् बनेको सरकारसम्म सबैको साझा लक्ष्य बनेको थियो र छ- समृद्धि ।

चियापसलदेखि संसद भवनसम्म, ताप्लेजुङदेखि दार्चुलासम्म, केचनादेखि कञ्चनजंघासम्म सबैको चासो र चिन्ता पनि हो समृद्धि । कोरोनाभाइरसले केही ब्रेक लगाए पनि आज सबैको साझा सपना र यात्रा हो- समृद्धि । नेपालमा शाहवंश सुरु हुनुभन्दा अघिदेखि टक्क एकठाउँमा उभिएर यो देशको सबैखाले इतिहास र उतारचढावको साक्षी बसेको म मुलुकको समृद्धि सपनाले कम्ती आनन्दित भएको छैन, त्यसमाथि वनक्षेत्रलाई समृद्धिको आधार जो भनिएको छ ।

समृद्धिको सुन्दर सपनाले मख्ख परेको मलाई वन क्षेत्रले कसरी समृद्धिमा योगदान पुर्याउँछ भनेर हुटहुटी भयो । वनमन्त्री, अर्थमन्त्री र वन प्रशासकले वनको कहिले दिगो त कहिले वैज्ञानिक व्यवस्थापनको माध्यमबाट देशको अर्थतन्त्रमा उल्लेख्य योगदान र समृद्धि हासिल गर्ने कुरा बारम्बार भनेका छन् । सुन्दा आकर्षक र सुन्दर लाग्ने योजनालाई कसरी व्यावहारिक बनाइन्छ भन्ने कुरा बुझ्न मन लाग्यो । कुरा खोतल्दै जाँदा, टेबलमा कोरिएका योजनाहरू छिचोल्दा मेरो उत्साह अलि सेलायो । मैले वन व्यवस्थापन सम्बन्धी गाइडलाइन र कार्ययोजनाहरू हेर्न थालें । योजना र श्वेतपत्रहरू पढेपछि र समृद्धिवालाहरूको तर्क सुनेपछि मलाई एक मन दु:ख लाग्यो र सँगसँगै समृद्धिको न्यारेटिभमा रचिएका तर्क र कथ्यहरूको वैज्ञानिक आधार पनि खोज्न मन लाग्यो !

प्रशासक, नीतिनिर्माता, तालुकदार र चले-गिनेका अनुसन्धानकर्ता सबैको कुराको अन्तर्यमा समानता देखिन्छ । उनीहरूलाई लाग्छ बुढा रूखहरू वनको स्वास्थ्यको लागि हानिकारक हुन्छन्, बुढा रूखहरूले वनको उत्पादकत्व घटाउँछन् । वनको पुनरुत्पादन हुन दिंदैनन् र प्राकृतिक चक्रमा बाधा खडा गर्छन् । उनीहरू आरोप लगाउँछन् बुढा रूखहरूले जंगलको शोभा घटाउँछन् र जंगलको हैसियत बिगार्छन् । कतिपय कहलिएका विद्वान् अझ एक कदम अघि बढेर तर्क गर्छन्- बुढा रूखले कार्बन सञ्चिति नै गर्दैनन् जसले जलवायु परिवर्तनसँग जुध्न बुढा रूखहरू सहयोगी बन्दैनन् ।

व्यापारीहरू भन्छन्- बुढा रूखमा मनग्य दाम आउने गुणस्तरीय काठ हुँदैन । अर्थशास्त्रीहरू ठोकुवा गर्छन्- बुढा रूखहरूले गर्दा वन क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा यथोचित योगदान गर्न सकेन र व्यापार घाटा बढेर गयो ।

जंगलमा बुढा रूख पालेको हुनाले काठमा आत्मनिर्भर हुन नसकेको भनेर एकोहोरो र टान लगाउनेहरूको भीड पनि उस्तै छ । उनीहरू थप्छन्- बुढा रूख पालेको हुनाले, हरियो वन नेपालको धन भन्ने कुरा उखानमा मात्र सीमित रह्यो । विकासवादीहरू तर्क गर्छन्- बुढा रूख सहितको पुरानो प्राकृतिक जंगलमा नयाँ जंगल स्थापित गरिनुपर्छ । यी सारा तर्क र बहसको अन्तर्य हो- बुढा रूख र प्राकृतिक वन समृद्धिको बाधक हुन् । बुढा रूख पालेर समृद्धि आउँदैन । यतिबेला म वन विकासका लागि लागेकै मानिसहरूको तर्क र विचार सुनेर हैरान छु

यो देशको उन्नतिको लागि, समग्र समृद्धिको लागि म ढल्नुपर्ने दिन नजिकिंदै छ । निकै लामो जीवन बाँचेकोले अब मलाई आफ्नै जीवनसँग मोह छैन । बरु ममा आश्रित चराचर सृष्टिको हजारौं प्रजातिका वनस्पति र जीवजन्तुहरूको चिन्ता छ । कोही खानेकुराको लागि ममा निर्भर छन् त कसैलाई बस्नको लागि मेरै भर छ ।

म एक्लै बाँचेको छैन । ममा एउटा समुदाय नै छ । एउटा मात्र हैन अनेकौं प्रणाली मसँगै छन् । अनेकौं अन्तरक्रियाहरू छन् । मलाई चिन्ता छ यही जीवन्त प्रणालीको । म ढल्दा म मात्र ढल्दिनँ, सँगसँगै ढल्ने छन् ममा आश्रित दर्जनौं प्रजातिका जीवजन्तुको बास र आधार पनि ।

मलाई पीर छ, म काटिएपछि मेरो शिर र हाँगाहरूमा पुस्तौंदेखि गुँड बनाएर बसेका बकुल्ला र गरुड जस्ता अनेकौं चराचुरुंगीहरू कहाँ जालान् ? मेरो काण्डको धोत्रोमा शताब्दीयौंदेखि बसेका सुन गोहोराका सन्ततिले कहाँ टाउको लुकाउलान् ? पुस्तौंदेखि मेरो शरीरमा तल-माथि खेलेका लोखर्केका सन्तानहरू कहा हुर्केलान् ? मेरो हाँगा र काण्डमा प्वाल पारेर आश्रय पाएका सुगा, ठेउवा र काठफोराहरू कता पुग्लान् भन्ने चिन्ता छ मलाई ।

हप्तौंसम्म मेरो हाँगा र काण्डको टोड्कोमा लुकेर सुरक्षित चल्ला कोरल्ने धनेशकी पोथी कहाँ जाली ? मेरो बोक्रामा बाँचेका सयौं प्रजातिका खपटे कीरा, माकुरा र कमिलाको त कसैको चासोको विषय नै भएनन् ।

यसरी मानिसले निकम्मा ठानेको बुढा र अग्ला रूखमा आफूलाई सुरक्षित ठान्ने दर्जनौं प्रजातिका चराहरूको भविष्य बारे पनि चिन्ता लाग्न थालेको छ । मेरो फूलको रस चुस्न आउने मौरी, खपटे कीरा र चमेराहरूले के चुस्लान् भन्ने चिन्ता छ । मेरो फल खाएर तृप्त हुने चराचुरुंगी, बाँदर र मान्छेहरू के खालान् भन्ने चिन्ता छँदैछ । मसँग र मेरै आडमा बाँचेका ऐंजेरुदेखि सुनगाभासम्म, च्याउदेखि उनिउँसम्म, सर्पदेखि भ्यागुतासम्म धेरै प्रजातिका वन्यजन्तु र वनस्पतिको के हाल होला ? मेरो छायाँमुनि नै अंकुरण भई हुर्केर लामो आयु बनाएका टाँटरी, कालीकाठ, कुम्भी जस्ता रूखहरूको अस्तित्वको चिन्ता । बलिया र पहुँचवालाले कथेको समृद्धिको बलियो भाष्यमा यी रूखहरू कुकाठ करार गरिएका छन् । म ढलेसँगै समृद्धिको लागि यी पनि उभिन पाउने छैनन् ।

कसैले ढालोस् वा नढालोस्, प्राकृतिक कारणले नै मेरो अजंगको यो काया ढल्ने नै छ तर मेरो शरीर लड्नु मेरो जीवनको अन्त्य नहुन पनि सक्छ ! मेरो जरामा र जमिन नजिकैबाट अंकुरित हुने टुसाबाट म फेरि नयाँ शरीर हाल्न सक्छु । मलाई थाहा छ मैले आफ्नो बचाउमा तर्क गर्नु बेकार हो । बुढा रूख र प्राकृतिक वनको बारेमा निर्माण गरिंदै गरेको भाष्यप्रति म गम्भीर छु । मलाई लाग्छ- मैले यो भाष्य बनाउन गुथिएका कथ्य र तर्कहरूको वैज्ञानिक आधार बुझ्नुपर्छ । आजको नवीन ज्ञानको आलोकमा यी कथ्यहरूको समीक्षा होस् भन्ने मात्र मेरो चाहना हो ।

अहिले सर्वाधिक चर्चामा रहेको विषय कार्बनबाट नै कुरा सुरु गरौं । विकासवादीहरू तर्क गर्छन् बुढा रूखले कार्बन सञ्चिति गर्दैनन् । नयाँ अध्ययनको आलोकमा यो कुरा त हचुवा पो देखिन्छ त । प्रतिष्ठित विश्वविद्यालयका प्राध्यापकहरूले नेचर जस्तो कहलिएको जर्नलमा लेखेको अनुसन्धान अनुसार बुढा रूखहरूले कार्बन भण्डारण मात्र हैन, निरन्तर संचिति समेत गर्छन् । त्यो पनि साना रूखहरू भन्दा बढी मात्रामा गर्ने रहेछन् ।

वैज्ञानिकहरूले धेरै रूखहरूको अध्ययन गरे पश्चात् भनेका छन् रूखहरू निरन्तर बढ्ने प्रक्रियामा हुन्छन् भलै शरीर वृद्धिको गति एउटै नहोला । कार्बन सञ्चिति बारेको पछिल्ला तीन दशकको अध्ययन धेरै त जमिनमुनिको प्रक्रियामा केन्द्रित रहेछ तर मेरो देशमा त सबैले रूखको काण्ड मात्र नापेर बसेका छन् !

बहसमा नयाँ अध्ययनको कुनै मूल्य नै नदेखिनु विडम्बनापूर्ण छ तर कार्बन सञ्चिति मार्फत फाइदा लिन पुरानो वन मासेर नयाँ हुर्काउनुपर्छ भन्ने तर्क पनि आधारहीन छ भन्ने कुरा मानिसहरूलाई मनाउन कठिन छ । समृद्धिको खातिर उनीहरूले आँखा चिम्लिएका छन्, कान बन्द गरेका छन् ।

मैले भर्खरै खोजेर जानेको अर्को कुरा, वृक्षरोपण गरेर बनेको वन भन्दा पुरानो वनको जैविक विविधता संरक्षणमा धेरै भूमिका रहन्छ । पुरानो वनको तुलना नयाँ र वृक्षरोपणसँग हुँदैन भन्ने त कैयौं प्रमाण रहेछन् । वैज्ञानिक अनुसन्धान प्रकाशन गर्ने प्रतिष्ठित नेचर समूहको एउटा जर्नलले त भर्खर प्राकृतिक र पुरानो वनको कुनै शोधभर्ना हुँदैन भनेर सम्पादकीय समेत लेखेको छ ।

बुढा रूखले वनको र रूखको पुनरुत्पादन हुन दिंदैनन् भन्ने कुरा सुन्दै अचम्मलाग्दो छ । मेरै प्रजातिका विभिन्न उमेर समूहका रूखहरू हुर्केको प्रमाण त मेरै वरिपरि छ । मानिसहरू जस्तै रूखहरू पनि अजम्बरी हुँदैनन् ।

तर, दुर्भाग्य नेपालमा पुरानो जंगल र बुढा रूखहरूको क्षतिपूर्ति नयाँ वृक्षरोपण मार्फत गर्न सकिन्छ भन्ने तर्क स्थापित हुँदै गएको देखिन्छ । वातावरण सम्बन्धी कानुनले नै एक रूख काटे बराबर दश रूख रोप्नुपर्ने नीतिगत व्यवस्था गरेको छ । सतहमा रूख रोप्ने कुरा सही नै देखिन्छ तर यसको अन्तर्यमा अर्कै हुन सक्छ । नयाँ रूख रोप्ने कुरा प्राकृतिक र अमूल्य वन मास्ने अस्त्र बन्छ कि भन्ने चिन्ता कतै देखिंदैन ।

देशमा काठ आयात हुन्छ, यो सत्य हो । तर काठ आयात घटाउने एकमात्र उपाय प्राकृतिक वन मास्ने मात्र पटक्कै होइन । काठ भनेको एउटा मात्र प्रजातिबाट आउँछ भन्ने सोच्नुभन्दा विभिन्न प्रजातिलाई प्रशोधन गरेको भए अलि राम्रो हुन्थ्यो कि भन्ने लाग्छ मलाई । काठ प्रविधिमा लगानी गरेको र खोजी गरेको भए आन्तरिक खपत मात्र हैन निर्यात गर्नसम्म सक्ने सम्भावना पनि हुनसक्छ ।

त्यसमाथि वनबाट निकाल्नै पर्ने रूखहरू निकाल्न अर्घेल्याईं गर्ने र अकर्मण्य देखिएकाहरू नै काठ आयात धेरै भयो भनेर रोइलो गर्छन् । मान्छेका दोहोरो मापदण्डले कुरो बुझ्नै पो महाभारत छ । यतातिर विचार नगरी नेतृत्वले म जस्ता बुढो रूखलाई दिएको गालीलाई के भन्नु ?

वन घुम्दै आएका वन विज्ञले मलाई काटिनुपर्ने रूखको चिनो लगाउनुको कारण ममा केही धोत्रो हुनु पनि हो । आफूलाई वनको जानकार सम्झिनेहरूले तर्क गर्छन्, रूख बुढा भएपछि धोत्रो हुन्छन् तर खोजिल्याउँदा यो त अर्ध सत्य मात्र रहेछ । विभिन्न अध्ययनहरूका अनुसार रूखहरूमा हुने धोत्रोपन त बुढ्यौलीसँग मात्र सम्बन्धित रहेनछ । यो त रूखको सयौं वर्षको जीवनमा कुनै पनि बेला सुरुवात हुन सक्दोरहेछ ।

ममा भएको धोत्रोपन मेरो उम्दा जवानी देखिनै थियो । आगलागीको कारणले वा हाँगा काट्दा सालको रूखमा सानैदेखि धोत्रोपन विकास हुनसक्ने रहेछ भन्ने कुरा अध्ययनले नै प्रमाणित गरेको रहेछ । एक खालको कीरा र ढुसीको आक्रमण त कहिलेकाहीं महामारी जस्तै फैलिएर कुनै पनि उमेर समूहका रूख बिरुवालाई असर पर्ने तथ्यहरू पनि फेला परेका छन् ।

बुढा रूखले वनको र रूखको पुनरुत्पादन हुन दिंदैनन् भन्ने कुरा सुन्दै अचम्मलाग्दो छ । मेरै प्रजातिका विभिन्न उमेर समूहका रूखहरू हुर्केको प्रमाण त मेरै वरिपरि छ । मानिसहरू जस्तै रूखहरू पनि अजम्बरी हुँदैनन् । रूखहरू ढल्ने र खाली ठाउँमा नयाँ रूख स्थापना हुने प्रक्रिया त मानव सभ्यताभन्दा धेरै पहिलेदेखि निरन्तर छ ।

आज मानिसले देखेका रूखहरू करोडौं वर्ष पहिले उत्पत्ति भएका हुन् भन्ने सामान्य सत्य कसरी बिर्सिन्छन् मानिसहरू । रूखहरू हुर्किंदैमा प्राकृतिक चक्रमा व्यवधान हुने भए करोडौं वर्षदेखि लाखौं प्रजातिको सहअस्तित्व कसरी सम्भव भयो होला ?

मलाई थाहा छ, मान्छेले जलवायु मापन केन्द्र राख्न थालेको त हिजो मात्र हो । पुरानो जलवायुको अवस्था बुझ्न त बुढा रूख नै खोज्ने चलन छ । आजसम्म २००-४०० वा ५०० वर्ष पहिले कत्रो हुरी चल्यो ? कति पानी पर्यो ? तापक्रम कति थियो ? आगलागी भएको थियो कि थिएन भनेर अध्ययन गर्न त बुढा रूखलाई नै तथ्यांकको स्रोत नै मानिन्छ । हाम्रो जस्तो केही मुलुक छाडेर हेर्ने हो भने संसारभर लामो इतिहास बोकेको वन र रूखहरूलाई त सम्पदाको रूपमा मानेर संरक्षण गर्न थालेका छन् ।

प्रकृतिमा मानवजातिको निर्मम प्रहार र दोहन टार्न नसकिने प्रक्रिया बनिसकेका छन् भन्ने कुरा मलाई राम्रोसँग ज्ञात छ । मेरो आशय यत्ति हो कि जे नाममा भए पनि हुने प्रकृति दोहनको क्षति कम होस् । मलाई आफ्नो स्वार्थको लागि मान्छेले झैं कुतर्कको जालो बुन्नु छैन ।

वनको जैविक विविधतामा असर नपारिकन वा न्यून असरमा वनका रूखहरूको उपभोग गर्न सकिन्छ र दुनियाँको चलन पनि यस्तै हुँदैछ । मानिसको आधारभूत उपयोगको लागि रूखहरू काट्ने कुरामा मेरो विमति न थियो न हुने नै छ । समृद्धिमा म जस्ता बुढो रूख र वन क्षेत्रको न्यायोचित उपयोग हुन्छ भने हुनैपर्छ । तर आफू बाहेकका अन्य सयौं प्रजातिको आश्रय बनेका प्राकृतिक धरोहरको भूमिकालाई पनि नभुले हुन्थ्यो भन्ने मेरो आशय हो ।

आजको दिनमा प्राकृतिक वन कसरी व्यवस्थापन गरिन्छ भन्ने कुरो खोज्दै जाँदा त संसारभरि प्राकृतिक वन व्यवस्थापन निकै सरल र लचक पो देखियो तर नेपालमा भने विभिन्न नामका र जटिल प्रणाली पो अवलम्बन गरिएको रहेछ । दिगो होस् वा क्षणिक, वैज्ञानिक होस् वा परम्परागत, सामुदायिक होस् वा निजी जेसुकै नाममा भए पनि वन व्यवस्थापन होस्, वन क्षेत्रका रूखहरू आवश्यकता र सामान्य शुद्धी प्रयोग गरेर निकालियोस् । कुन क्षेत्र कसरी व्यवस्थापन गर्ने भन्ने उचित मूल्यांकन होस् । वनको व्यवस्थापन हुनु वा रूख काटिनु आफैंमा समस्या हैन ।

समस्या त वनलाई फगत रूखहरूको समूह देख्नुमा छ । रूखमा काठ बाहेक अरू केही नदेख्नु, वनको बारेका आफ्ना मात्र बुझाइलाई अन्तिम सत्य मान्नु, वन व्यवस्थापनको यही मात्र सही तरिका भनेर लित्ती कस्नुमा छ । समस्या त उच्च मूल्यको रूख भएको वन मात्र व्यवस्थापन योग्य ठहरिनुमा छ । वनलाई रूख र काठभन्दा पर एउटा जीवन्त प्रणाली हो भनेर मात्र मनन गरे आजका धेरै समस्या समाधान हुन्छन् र प्राकृतिक वनले नेपालीको समृद्धि आकांक्षामा अझ धेरै योगदान गर्न सक्छ होला ।

आधुनिक विकास र प्रविधिको लहरो समात्दै मानिसहरू बाँचे जस्तो म उभिनु, बाँच्नु वा काटिनुमा मेरो आफ्नै स्वार्थ छैन । मलाई लाग्छ मेरो अस्तित्व तबसम्म अर्थपूर्ण हुन्छ, जतिबेलासम्म मानव समाज लगायत सम्पूर्ण वातावरणको लागि न्यायोचित र दिगो विकासमा मेरो प्रयोग हुन्छ, जुन दिनसम्म मेरो काया जीवजन्तु र चरा-चमेराको आश्रयस्थल बन्न सक्छ, जहिलेसम्म म लता-लहराको आकाशतर्फको दिशामा आडभरोसा बन्न सक्छु ।

जबसम्म मेरो वृद्ध वयमा सयौं प्रजातिका सुनगाभाका रंगीविरंगी र सुन्दर फूलहरू आभूषण बन्न सक्छन्, जबसम्म मेरो फूलहरूबाट भमराहरू बाँच्न सक्नेछन्, मेरो बोक्रामा सयौं प्रजातिका खपटे कीरा र माकुराले बास पाउन सक्छन्, मेरा काप र खोपिल्टा समेतलाई सर्प, गोहोरा र भ्यागुताहरूले आश्रय स्थल बनाउन सक्छन्, लाई र झ्याउहरूले मेरो बोक्रा सजाउन सक्छन् । मरो जानकारीमा आजसम्म यो छैन कि कुनै रूखको फल आफैंले वा अन्य कुनै रूखले उपयोग गरेको होस् । लाग्छ- हाम्रो सृष्टि भएकै अरूको सेवाको लागि हो ।

म सकिंदैछु भन्दै गर्दा पनि मेरो लोभ यत्ति छ कि जस्तै सुख्खा याममा पनि मसँगै भएको जरुवाको पानी नघटोस् । खप्नै नसक्ने उखरमाउलो गर्मीमा मैले शीतलता प्रदान गर्न सकूँ । प्रचण्ड धुपमा ममुनिको तापक्रम वरिपरिको भन्दा कम होस् । बर्खाको पानी संचित गरेर हिउँदसम्म पुग्ने बनाउन सकूँ । मेरा जराहरूले जति सक्दो धेरै माटो बाँधेर राख्न सकून् ।

अझै मैले भूक्षय र पहिरो रोक्न योगदान गर्न सकूँ । जलवायु संकट न्यूनीकरणमा भूमिका खेल्न सकूँ । तब मात्र मेरो जीवन सार्थक हुनेथियो । आफू काटिने दिन गनिरहँदा फेरि पनि मेरो याचना यही हो कि म त्यति बेलासम्म उभिन पाउँ जतिबेलासम्म मैले मानिस र पर्यावरणीय चक्रमा योगदान गर्न सक्नेछु ।

अन्त्यमा, म मेरो देशको समृद्धिको सारथि बन्न चाहन्छु । मेरा हर तन्तुहरू समृद्धि सपना पछ्याउन प्रयोग होऊन् । सरपट कटान होस् वा छानी-छानी ढालियोस् त्यो मेरो वशको कुरो हैन नै । बस मानिसहरूसँग मेरो आग्रह यति मात्र छ कि प्रकृतिमाथिको अस्वाभाविक नियन्त्रण र प्राकृतिक स्रोतको चरम दोहनले ल्याएका विपत्तिबाट मानिसले पाठ सिकेर काम गरोस् ।

आज देखिएका जैविक विविधताको विनाश, मरुभूमिकरण र जलवायु परिवर्तन जस्ता संकटसँगै क्षितिजमा देखिन थालेको मानव सभ्यताको संकट बुझ्ने प्रयास गरोस् । यी संकटसँग जुध्न पुरानो प्राकृतिक वन र जैविक विविधताको भूमिका नजरअन्दाज नगरोस् । स्वस्थ र साँच्चै समृद्ध जीवनको लागि प्रकृति र जैविक विविधताको महत्व बुझोस् र प्राकृतिक स्रोतको सदुपयोग गरोस् ।

प्रकृति दोहनका लागि कपटपूर्ण तर्क र भाष्य निर्माण नगरी वस्तुगत बनोस् । प्राकृतिक इतिहासको अवमूल्यन नगरोस् । क्षणिक आर्थिक लाभको लागि दीर्घकालीन वातावरणीय संकट निम्त्याएर आफ्नै टाउकोमा बञ्चरो प्रहार नगरोस् । जय समृद्धि !

**डा. लीलानाथ शर्मा बुढा रूखले वनको र रूखको पुनरुत्पादन हुन दिंदैनन् भन्ने कुरा सुन्दै अचम्मलाग्दो छ । मेरै प्रजातिका विभिन्न उमेर समूहका रूखहरू हुर्केको प्रमाण त मेरै वरिपरि छ । मानिसहरू जस्तै रूखहरू पनि अजम्बरी हुँदैनन् ।**

# भारतीय रणनीतिक स्वार्थको चंगुलमा विकास परियोजना

काठमाडौं/२२ असार २०८० मा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)का नवनिर्वाचित कार्यसमितिलाई बालुवाटारमा बधाई तथा शुभकामना दिँदै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारतले विस्फोटक पदार्थ रोक्नुको कारणबारे नयाँ खुलासा गरे ।

'भारत सरकारले पठाएको पत्रको भाषा हेर्दा अहिले आएको विस्फोटक पदार्थको दुरुपयोग पो भएको छ कि भन्ने सुरक्षा चासो रहेको पायौं' प्रधानमन्त्रीले ऊर्जा उत्पादकहरूसँग भनेका थिए, 'नेपाल सरकार र नेपाली सेनालाई विश्वास गरेर पहिलेकै जसरी विस्फोटक पदार्थ दिन आग्रह गरेका छौं ।'



प्रधानमन्त्रीको यो भनाइले भारतले नेपालमा विकास निर्माणको कामका लागि अत्यावश्यक रहेको विस्फोटक पदार्थको आयातलाई सुरक्षा चासोसँग जोडेको र यसलाई उसले रणनीतिक स्वार्थका आधारमा हेरेको स्पष्ट भएको भेटमा सहभागी इप्पानका एक पदाधिकारीले बताए ।

'यसअघि त हामीले चिनियाँ ठेकेदारलाई असहयोगको नीति मात्रै होला भन्ने बुझेका थियौं' उनले भने, 'तर, विस्फोटकको प्रयोगमै आशंका जनाएको भनेपछि त नेपालका विकास आयोजनालाई भारतले सुरक्षा रणनीतिसँग जोडेर हेर्न थालेको प्रष्ट भयो ।'

उनका अनुसार विकास निर्माणका लागि अति आवश्यक पदार्थलाई 'सिभिल एक्सप्लोसिभ' नै भनिन्छ । यसको प्रयोग अन्यत्र हुने कल्पना नै गरिंदैन । भारतले यस्तो विस्फोटक पदार्थ निर्यातमा कडाइ गर्दा नेपालमा निर्माणाधीन सडक, जलविद्युत् तथा सुरुङमार्ग परियोजनाहरू प्रभावित छन् ।

नेपालमा मुख्य गरी सुरुङ खन्न, ठूला चट्टान फोड्न र खानीहरू खन्न यस्ता विस्फोटक पदार्थ प्रयोग हुन्छन् । विशेषगरी ठूला जलविद्युत् आयोजनाको सुरुङ, राजमार्गका सुरुङमार्ग खन्न तथा कठिन भेगमा सडक निर्माण र खानीहरू खन्न यसको उपयोग हुन्छ ।

आयोजना र उद्योगहरूले यस्तो विस्फोटक पदार्थ दुई माध्यमबाट पाउन सक्छन् । सोझै नेपाली सेनासँग पनि खरिद गर्न सक्छन् भने गृह र रक्षा मन्त्रालयबाट अनुमति पाएपछि भारतीय दूतावास मार्फत 'नो अब्जेक्सन सर्टिफिकेट' लिएर आफैंले आयात पनि गर्न पाउँछन् ।

सेनाले दिने थोरै परिमाणको विस्फोटक पदार्थ आयोजनाहरूको लागि नपुग छ । आफैंले आयात गर्न भारतीय दूतावास मार्फत विभिन्न प्रक्रिया पूरा गर्नुपर्ने बाध्यता छ ।

आफैंले आयात गर्न पनि खोज्दा भारतीय दूतावासले अनुमतिकै प्रक्रियामा लामो समय लगाइदिने र नदिनेसम्मका गतिविधि गरिरहेको छ । नेपालमा आएको विस्फोटक पदार्थ चिनियाँ ठेकेदार कम्पनीले गलत रूपमा प्रयोग र भण्डारण गरेकोसम्मको आशंका जनाउँदै भारतले अत्यावश्यक विस्फोटक पदार्थको आयातलाई लगभग बन्देज लगाएपछि नेपालमा ठूला आयोजनाहरूको निर्माण प्रभावित हुन थालिसकेको छ ।

भारतबाट चिनियाँ लगानी र चिनियाँ ठेकेदार संलग्न परियोजनामा प्रयोग गर्ने गरी आयात हुने विस्फोटक पदार्थको आपूर्ति भारतले पूर्ण रूपमा रोकेको छ । यस्ता आयोजनाले भारतीय दूतावासबाट विस्फोटक पदार्थ आपूर्तिका लागि 'नो अब्जेक्सन लेटर' (एनओसी) नै लिन सकेका छैनन् ।

यसले विभिन्न चिनियाँ ठेकेदार संलग्न जलविद्युत् परियोजनामा सुरुङ खन्ने काम प्रभावित भएको छ । भारतको यो व्यवहारले नेपालका विकास आयोजनामा हुने खुला प्रतिस्पर्धामा सहभागी हुन नै चिनियाँ ठेकेदार कम्पनीलाई निषेध गर्नुपर्नेसम्मको अवस्था बन्न लागेको अधिकारीहरू बताउँछन् ।

निजी क्षेत्रले बनाइरहेका मात्रै हैन, सरकारी तवरबाट ग्लोबल टेन्डर भएर खुला प्रतिस्पर्धाबाट छानिएका चिनियाँ ठेकेदार संलग्न परियोजनाहरू पनि भारतको यो शैलीबाट आजित छन् । 'भारतसँग जोडिएर सञ्चालन हुने ठूला परियोजनाहरूको ठेक्का गर्दा नै चीनका निर्माण कम्पनीलाई रोक्नुपर्ने अवस्था आएको देखिन्छ' ऊर्जा मन्त्रालयका एक अधिकारी भन्छन्, 'सार्वजनिक खरिद ऐनले त्यसो गर्न अनुमति दिँदैन ।'

चिनियाँ कम्पनी संलग्न भएर नेपाली सेनाले बनाइरहेको काठमाडौं-तराई मधेश द्रुतमार्गमा पनि सुरुङ खन्ने काम समेत विस्फोटक पदार्थ आपूर्तिको समस्याले प्रभावित छ । नेपाली सेनाले विस्फोटक अभाव नै नभए पनि आपूर्ति कम भएको बताउँदै आएको छ ।

चीनबाट विस्फोटक पदार्थको आयात सुरु भए पनि उच्च लागतका कारण निर्माण व्यवसायी र आयोजना प्रवर्द्धकहरू प्रताडित छन् । भारतबाट साफ्टा सुविधा अन्तर्गत नै विस्फोटक पदार्थहरू आयात हुन्छन् । तर, चीनबाट आयात हुने विस्फोटकमा त्यस्तो सुविधा छैन । यसका कारण चीनबाट महँगो विस्फोटक पदार्थ ल्याएर आयोजना बनाउँदा लागत महँगिने र निर्माण अवधि लम्बिने अवस्था आएको छ । चीनबाट विस्फोटकको आयात हुन सुरू भएपनि रसुवागढी भन्सारमा आएर लामो समय रोकिने समस्या व्याप्त छ ।

विस्फोटक पदार्थ अभावले उत्तर-दक्षिण करिडोर, विभिन्न रणनीतिक सडक आयोजना, सिद्धबाबा सुरुङमार्ग परियोजनाहरू प्रभावित छन् । निर्माणाधीन सान्जेन, तनहुँ, माथिल्लो त्रिशूली, लाङटाङ-भोटेकोशी, खिम्ती दोस्रो, नुप्चे लिखु, मध्य तमोर, काबेली लगायत जलविद्युत् परियोजनामा विस्फोटकको अभाव छ । विभिन्न सिमेन्ट उद्योगहरूलाई खानी उत्खनन गर्न पनि विस्फोटक पदार्थको अभावले सताएको छ ।

ऊर्जा प्रवर्द्धकहरूका अनुसार, सेनाले दिइरहेको हालको विस्फोटक पदार्थको गुणस्तर आयात हुने जस्तो राम्रो हुँदैन । हाल देशभर करिब ३ हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन छन् । कतिपय आयोजनाहरूमा विस्फोटक पदार्थ प्रयोग गर्नुपर्ने चरण पार भइसके पनि धेरैलाई विस्फोटक पदार्थ अत्यावश्यक छ ।

यसरी विस्फोटक पदार्थ लिएपछि नेपाली सेनाको प्रत्यक्ष निगरानीमा त्यसको भण्डारण र प्रयोग गर्नुपर्छ । आयोजनाले भन्सार विन्दुबाटै सेनाको स्कर्टिङमा निर्माण स्थल पुर्याएर निर्माण अवधिभरका लागि सेनाकै बंकरमा विस्फोटक पदार्थ सुरक्षा दिएर राखिन्छ । यस्तो सुरक्षित तवरले हुने विस्फोटक पदार्थको प्रयोगबारे अनावश्यक आशंका जनाएर भारतले आयातमा अवरोध सिर्जना गरिरहेको छ ।

स्वतन्त्र ऊर्जा उत्पादक संघ नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्की भारतीय दूतावासबाट एनओसी लिन धेरै समय लाग्दा धेरै आयोजनाको निर्माण नै रोकिएको बताउँछन् । 'पहिले पनि एउटा समय त लिन्थ्यो, तर अहिले त धेरै नै समय लाग्न थाल्यो' उनले भने, 'के कारणले हो भन्ने थाहा भएन, तर हामीले प्रधानमन्त्री, मुख्यसचिव, ऊर्जामन्त्री सबैलाई यस्तो समस्याबारे जानकारी गराएका छौं ।'

१० वर्षमा १० हजार मेगावाट बिजुली किन्ने घोषणा गरेको देशले आयोजनाहरूको निर्माण नै प्रभावित हुने गरी अवरोध गरेको अध्यक्ष कार्कीको भनाइ छ । अहिले बनिरहेका सबैजसो जलविद्युत् आयोजनामा सुरुङ बनाउनुपर्ने अवस्था रहेको भन्दै भारतबाट विस्फोटक आपूर्ति गर्न सहज वातावरण नबनाए आयोजनाहरू नै नबन्ने खतरा रहेको उनले बताए ।

'कूटनीतिक पहल मार्फत भए पनि यो समस्या समाधान हुनुपर्ने हो' कार्कीले भने, 'तर निर्माणका काम गर्न नै विस्फोटक नभएर धेरै लामो समयदेखि आयोजनाहरू प्रभावित छन् ।'

**लगानी र निर्यातमा अवरोध**

पछिल्ला वर्ष नेपालका प्रस्तावितसहित निर्माणाधीन तथा निर्माण सकिएका विकास आयोजनाहरूलाई पनि भारतले आफ्नो रणनीतिक स्वार्थको दृष्टिकोणबाट हेर्ने र व्यवहार गर्ने गरिरहेको छ । भारतको यो व्यवहारले विकास परियोजनाहरू समस्यामा फसेका उदाहरण प्रशस्तै देखिन थालेका छन् ।

ठूला आयोजनाहरू हात पार्दै जलविद्युत्मा आफ्नो दबदबा बढाउँदै गर्दा भारतले लिएको नीतिका कारण नै नेपालको जलविद्युत्मा चीन सहित तेस्रो देशको लगानी पूर्णत: नै निरुत्साहित हुँदै गएको छ । नेपालमा जलविद्युत् विकासका लागि आएका चिनियाँ कम्पनीहरू आयोजना गुमाउँदै फर्किन थालिसकेका छन् ।

१७-२० जेठ २०८० मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका दौरानमा भएको दीर्घकालीन विद्युत् व्यापारको प्रारम्भिक सम्झौतामा भारतले नेपाल र भारतको लगानी रहेका बिजुली मात्रै किन्ने उल्लेख छ । वर्षायाममा बिजुली खेर जाने दबाबमा रहेको नेपालले बिजुलीको बजार सुनिश्चित हुने आशामा लतारिएर यस्तो सम्झौता गरे पनि भारतले विद्युत् व्यापारमा अझै विविध व्यवधान खडा गरिरहेकै छ ।

भारतले पछिल्लो समयमा बिजुली निर्यातका लागि प्रस्ताव गरिएका जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनीको इक्विटी लगानीमा मात्रै हैन, बैंक तथा वित्तीय संस्थाहरूले कन्सोर्टियममा गरेको लगानीको विवरण र त्यसमा संलग्न बैंकभित्र भएको लगानीसम्मको विवरण माग्न थालेको छ । यसले नेपालमा जलविद्युत् परियोजना बने पनि भारतीय नीति विपरीत लगानी भएका परियोजनाहरूको बिजुली निर्यात नै गर्न नपाइनेसम्मको अवस्था आएको छ ।

भारतको अन्तरदेशीय विद्युत् व्यापार कार्यविधिमा पनि 'सीमा जोडिएको भए पनि आफूसँग विद्युत् क्षेत्र सहयोग सम्बन्धी द्विपक्षीय सम्झौता नभएका मुलुकका व्यक्ति र कम्पनीको लगानी या नियन्त्रण भएका आयोजनाको बिजुली आयात नगर्ने' उल्लेख नै छ । भारतले सीमा जोडिएको चीन र पाकिस्तानसँग विद्युत् क्षेत्र सहयोग सम्बन्धी द्विपक्षीय सम्झौता गरेको छैन । यसले चीनको लगानीमा बनेका आयोजनाबाट उत्पादित विद्युत् नकिन्ने स्पष्ट नीति नै लिएको देखिन्छ ।

नेपालको बिजुलीलाई तेस्रो बजारसम्म पुग्न पनि भारतले सहयोग गरिरहेको छैन । बंगलादेश सहित सार्क र बिमस्टेकका मुलुकसँग हुनसक्ने विद्युत् व्यापारमा पनि भारतकै बाटो र पूर्वाधार प्रयोग गर्नुको विकल्प छैन, त्यसका लागि भारतको अनुमति चाहिन्छ र उसको नोडल एजेन्सीले बीचमा रहेर कमिसन समेत लिने भारतीय प्रावधान छ ।

(स्रोत: अनलाइनखबर)

# मिटरब्याजीले हडपेको जग्गा फिर्ता पाउँदाको खुसी

जनकपुरधाम/'हमर खुसीके सीमा नही हे । सपनों मे नही सोचै छी की आब हमर किनल घरघरारी हमर हे । मुदा सरकार के कारण से फिर्ता भेटेले' मिटर ब्याजीले हत्याएको जग्गा फिर्ता पाएपछि उर्मिला देवी महरा (चमार) दंग छिन् ।

महोत्तरीको लोहारपट्टी नगरपालिका-२ सुखैनिया टोलकी उर्मिलाको परिवार ऐलानी जग्गामा बस्दै आएको थियो । आफ्नै जमिनमा ओत लाग्ने सपना पछ्याउँदै उनको परिवारले सात वर्ष अघि ११ लाख खर्चिएर १८ धुर घडेरी जोडेको थियो । त्यही जग्गा पास गर्न लिएको ऋणले उनको परिरवारलाई दिनु दु:ख दियो । कतिसम्म भने तीन छोरा, तीन बुहारी र ८ नातिनातिना सहित १५ जनाको परिवारकी मुली उर्मिला थातथलो छाड्ने सोचमा पुगेकी थिइन् ।

तर उनको परिवारमा खुसी फर्किएको छ । शुक्रबार साँझ ५ बजे घरभन्दा केही पर बटैया (अधियामा उब्जाउने) लिएको खेतमा धान रोपाइँ गरिरहेकी उर्मिला निकै खुसी थिइन् ।

खुसी साट्दै गर्दा आफूले पाएको दु:ख पनि सुनाइन् । उर्मिलाका अनुसार गाउँकै राजी यादवसँग जग्गा किन्ने क्रममा ७ लाख रुपैयाँ पुगेन । खरिद गरेको जग्गा सोझै जग्गा धनीको नामबाट आफ्नो नाममा दृष्टिबन्धक गरिदिने र कपाली तमसुक बनाउने शर्तमा साहु सोनेलाल ऋण दिन तयार भए । आफ्नै जमिनमा घर बनाउने सपना देखेकी उर्मिला सहमत भइन् । दृष्टिबन्धक रहने गरी जग्गा पास भयो ।

उर्मिलाको परिवारका अनुसार ऋण लिंदा मासिक सयकडा ३ रूपैयाँ ब्याज तोकिएको थियो । सोनेलालले ऋण दिएको रकम ७ लाखको चार गुणा (२८ लाख) को कपाली तमसुक गराए । माइलो छोरा बलिरामसँग २-२ लाखको तमसुक गराए ।

उर्मिलाका कान्छो छोरा जयनारायणका अनुसार ऋण लिएको वर्ष दिनमै पाँच लाख रुपैयाँ बुझाएको थियो । उर्मिलाका छोराहरू वैदेशिक रोजगारीमा गए । जेठो छोरा देवशरणले कतार र माइलो बलिरामले कुवेतबाट पठाएको पैसा पनि साहुलाई बुझाए । पटक पटक गरेर १५ लाख ८० हजार बुझाएको थियो । तर साहु सोनेलालले ३५ लाख रुपैयाँ अझ बाँकी रहेको भन्दै घडेरी र तीनवटै कपाली तमसुक फिर्ता नगर्ने बताए ।

सोनेलालले मानिसहरू लिएर आउँथे, र घडेरी खाली गराउन धम्की दिन्थे, गालीगलौज गर्थे । साहुको हप्कीदप्कीबाट आजित उर्मिलाको परिवार घरघडेरी खाली गरेर अन्तै जाने मनस्थितिमा पुगेको थियो । पछिल्लो समय मिटरब्याज विरुद्ध आन्दोलन सुरु भयो । सरकारले त्यसलाई सम्बोधन गर्न अध्यादेश ल्याएपछि उर्मिला र उनको परिवारमा आशा पलायो । जयनारायणका अनुसार १९ वैशाखमा उनीहरूले जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा मिटरब्याजी साहु सोनेलाल विरुद्ध उजुरी दर्ता गराए ।

ब्याजको स्याज लिइसकेका मिटरब्याजी सोनेलाल तर्सिए । गाउँमै मिलाउन प्रयास गर्न थाले । तर उर्मिलाको परिवार मानेन । जिल्ला प्रशासनमै छलफल गर्ने अडान लिए । जिल्ला प्रशासन कार्यालयले १३ जेठमा दुवै पक्षलाई बोलायो । सोनेलाल पुगे, तर छलफल गर्न मानेनन् । उर्मिलाको परिवारले ५० हजार रुपैयाँ दिए जग्गासहित तीनवटै कपाली तमसुक फिर्ता दिने बताए ।

उर्मिला राजी भइन् । तर सोनेलालले मेलमिलापको कागज गराउन खोजे, उर्मिलाले पहिले जग्गा फिर्ता गर्नुपर्ने शर्त अघि सारिन् । सोनेलाल तीनवटा कपाली तमसुक फिर्ता गर्नुका साथै मालपोतमा गएर जग्गा फिर्ता गरिदिएको जयनारायण बताउँछन् ।

'साहु सोनेलालले लगभग बेइमानी गरिसकेको घडेरी र कपाली तमसुक यति सहजै फिर्ता गर्छन् भन्ने कल्पनै गरेका थिएनौं । तर मिटरब्याज सम्बन्धी अध्यादेश आउँदा गुमिसकेको हाम्रो घडेरी फिर्ता भयो', जयनारायणले खुसी साटे ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगका अनुसार डेढ महिनामा करिब ४१ बिघा ८ कठ्ठा ११ धुर जग्गा फिर्ता गराइएको छ । यसरी मिटरब्याज पीडितहरूलाई फिर्ता गराइएको जग्गामध्ये कतिपय त साहुले अदालतबाट मुद्दा जितेका समेत छन् ।

यसरी जग्गा फिर्ता पाउनेमध्ये एक हुन् महोत्तरीकै वलवा नगरपालिका-११ निकाल टोलका लक्ष्मेश्वर यादव । उनले १३ वर्षपछि ४ कठ्ठा ७ धुर जग्गा फिर्ता पाएका छन् ।

उनले २०६७ असारमा घरव्यवहार चलाउन लोहारपट्टी नगरपालिका-८ भ्रमरपुराका रामनारायण साहसँग ऋण लिएका थिए । २ लाख ५० हजार रुपैयाँ ऋण लिने गरी दिदी निर्मलाको नाममा रहेको जग्गा दृष्टिबन्धक राखे भने साढे ७ लाखको तमसुक बनाए । तर एजेन्ट वलवा नगरपालिका-९ का मो. जलम्तरले एकलाख मात्र पैसा दिए । केही समयपछि अढाइ लाखको ब्याज सहित गरी पैसा माग्न थाले ।

आफूले पाएको एकलाख ब्याजसहित तिर्न लक्ष्मेश्वर तयार थिए, तर साहुले मानेनन् । बरु तीन वर्षपछि दृष्टिबन्धक पास गरेको लक्ष्मेश्वरको जग्गामा साहु रामनारायणले जोतभोगमा रोक लगाए । साहु रामनारायणले सावाँ-ब्याज सहित ५४ लाख चुक्ता गरे मात्र फिर्ता गर्ने अड्डी कसे ।

साहु रामनारायणले आफ्नो जग्गा बेच्न खोजेपछि अदालतमा रोक्का मुद्दा हाले, पटक-पटक प्रहरी तथा गाउँमा छलफल भयो । तर सहमति जुट्न सकेन । पछिल्लो पटक मिटरब्याज विरुद्ध आन्दोलन चर्किएपछि लक्ष्मेश्वर यादवले गत फागुनमा साहु रामनारायण विरुद्ध जिल्ला प्रशासनमा ठगी मुद्दा दर्ता गराए । ५ वैशाखमा प्रहरीले रामनारायणलाई पक्राउ गऱ्यो । २० वैशाखमा छलफलमा बस्ने र उचित रकम लिएर फिर्ता गर्ने शर्तमा उनी छुटे ।

पूर्वसहमति अनुसार २० गते जिल्ला प्रशासनमा भएको छलफल ५ लाख ८५ हजार रुपैयाँ लिएर लक्ष्मेश्वरको जग्गा फिर्ता गर्न मिटरब्याजी साहु रामनारायण सहमत भए । २ जेठमा जग्गा फिर्ता भयो । 'मिटरब्याज विरुद्धमा सरकार अडिग नभएको भए साहु रामनारायणले जग्गा फिर्ता गर्ने थिएनन्' लक्ष्मेश्वर भन्छन्, जालझेल गरेर १० वर्षदेखि खेत जोत्न दिएको थिएन । हामीले त आशै मारिसकेका थियौं ।'

महोत्तरीको बलवा नगरपालिका-११ निकालटोलकै रामस्नेही यादवलाई हर्ष र चिन्ता एकसाथ आइलागेको छ ।

मिटरब्याजी साहुले हडपेको जग्गा फिर्ता हुन लागेकाले उनी खुसी छन्, तर साहुलाई तिर्नुपर्ने रकम जुटाउनुपर्ने भएकाले दबाबमा पनि । रामस्नेहीले खुसी र चिन्ता मिश्रित भावमा भने, 'साहुले हत्याएको २ कठ्ठा १३ धुर जग्गा फिर्ता हुनेवाला छ । त्यसैको लागि रुपैयाँ पैसाको जोगाडमा लागेको छु ।'

रामस्नेही र उनकी आमा सोमनीदेवीले २०७० सालतिर छिमेकी साहु बैजनाथ यादवसँग मासिक सयकडा ३ रुपैयाँ ब्याज तिर्ने गरी एक-एक लाख रुपैयाँ ऋण लिएका थिए ।

(स्रोत: अनलाइनखबर)

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
**नेपाल भारत बहुप्राविधिक शिक्षालय**
बागमती प्रदेश
हेटौडा, मकवानपुर
nbmpictevt@gmail.com

**घर भाडामा लिने सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८०।०४।०३

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, नेपाल भारत बहूप्राविधिक शिक्षालयको कार्यालय प्रयोजनका लागि घर भाडामा लिन पर्ने भएकाले इच्छुक घरधनीले तपशिलका शर्तहरुका अधीनमा रही यो सूचना प्रकाशित भएका मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातसहित नेपाल भारत बहुप्राविधिक शिक्षालयमा सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरू:**
१. भाडामा दिने घर कम्पाउण्ड सहितको यस शिक्षालयको भवन निर्माण स्थल हेटौंडा उप महानगरपालिको वडा नं. ६ सल्लाघारी वाट १.५ कि.मि. परिधि भित्र मूल सडकले छोएको क्षेत्रमा हुनुपर्नेछ ।
२. भाडामा दिने घर कम्तीमा २५००।- वर्ग फिट क्षेत्रफल र कम्तीमा १०००।- वर्ग फिट पार्किङ्ग क्षेत्र भएको हुनुपर्नेछ ।
३. प्रस्तावको साथ घर बनेको जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि, नक्सापास प्रमाणपत्रको प्रतिलिपी, घर धनीको नागरिकताको प्रतिलिपि आ.ब. २०७८/०७९ मा सम्पत्ति कर तिरेको प्रतिलिपीहरु संलग्न हुनु पर्नेछ ।
४. प्रस्तावमा मासिक भाडा रकम अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । र घर बहाल कर घरधनीले व्यहोर्नु पर्नेछ ।
५. घरधनी आफै वा कानून बमोजिम वारेस मार्फत प्रस्ताव पेश गर्न सकिनेछ ।
६. प्रस्ताव उपर निर्णय गर्ने सर्वाधिकार नेपाल भारत बहुप्राविधिक शिक्षालयमा रहने छ ।
७. प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन १२:०० बजे सम्म प्रस्ताव पेश गर्न सकिनेछ ।
८. यस बारेमा थप जानकारिका लागि शिक्षालय प्रशासन शाखामा वा ०५७-५२३५३५ मा संम्पर्क गर्नु हुनेछ ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS H.A.
LAB TECHNICIAN
RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**
- उत्कृष्ट एवं अनभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त - OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्उमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

**स्वीकृत सिट संख्या**
Health Assistant - ४० सिट
Lab Technician - ३० सिट
Radiography - ३० सिट
Physiotherapy - ४० सिट

फारम शुल्क रू.१५००/-

- फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८०/०४/१२ गते शुक्रवार बेलुका ४:३०

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-४, भैरव रोड, सम्पर्क : ०५७-५२१८५२

# दुर्घटनामा ६१ जनाको मृत्यु, मोटरसाइकल यात्रा जोखिम बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ मकवानपुरमा गत आर्थिक वर्ष २०७९/८० भित्र ३ सय ६० वटा सवारीसाधन दुर्घटनामा परेका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार एक वर्षमा सडक दुर्घटनामा परी मृत्यु हुनेको संख्या ६१ छ । अर्थात, जिल्लाभर एक वर्षमा ३ सय ६० वटा सवारीसाधन दुर्घटना हुँदा ६१ जनाले ज्यान गुमाएका हुन् । ज्यान गुमाउनेमा पुरुषको संख्या अधिक छ । ५१ जना पुरुषले ज्यान गुमाउँदा ९ जना महिला र १ जना बालकको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ । दुई आर्थिक वर्षको तथ्यांकलाई आधार मान्दा दुर्घटनामा पर्ने सवारीसाधन र मृत्यु हुनेको संख्या घटेको छ ।

आर्थिक वर्ष २०७८/८९ मा ४ सय ६४ वटा सवारीसाधन दुर्घटना हुँदा ७० जनाको मृत्यु भएको तथ्यांक ट्राफिक प्रहरीको छ । एक वर्ष अगाडि पनि मृत्यु हुनेमा पुरुषको संख्या ६३, महिला ५ जना र बालक तथा बालिका १/१ जना थिए । धेरै पुरुषको मृत्यु हुनुमा मोटर साइकल दुर्घटना अधिक रहनु र सवारीसाधनका चालक पुरुष रहनाले हो । गत आव ०७९/८० दुर्घटना भएका ३ सय ६० वटा सवारी साधनमध्ये १ सय ८७ वटा मोटर साइकल छन् । जम्मा दुर्घटनाको झण्डै आधा संख्यामा मोटरसाइकल दुर्घटना देखिनुले यसको यात्रा जोखिमपूर्ण रहेको छ ।

मोटरसाइकल बढी दुर्घटना जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया र बागमती गाउँपालिकामा हुने गरेको मकवानपुरका ट्राफिक प्रमुख बसन्त आचार्यले जानकारी दिए । बागमती र बकैयामा हेटौंडा-धरान-चतरा (मदन भण्डारी मार्ग)को फराकिलो सडकमा ठूला सवारीको चाप कम हुनु र मोटर साइकल तीव्र गतिमा गुडाउने गर्दा बढी दुर्घटना हुने गरेको आचार्य बताउँछन् । यो सडकमा परमिट ( सवारी सञ्चालन अनुमति) जारी भइनसकेकाले ठूला सवारीसाधनहरु नियमित सञ्चालन हुन नसकेको आचार्यले बताए ।

मकवानपुरका विभिन्न भित्री सडकहरु साँघुरा र अधिकांश कच्ची हुनुका साथै सवारीसाधनको चाप बढी रहेकाले दुर्घटना बढेको आचार्यले जानकारी दिए । उनले सडक स्तरीकरण अनिवार्य रहेको र स्तरीय सडकमा पनि ट्राफिक नियम पूर्णरुपले पालना नभएसम्म सडक दुर्घटनामा न्यूनीकरण आउन नसक्ने उनको भनाई छ । जिल्ला ट्राफिक कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/७७ मा कुल १ सय ६८ वटा सवारीसाधन दुर्घटना हुँदा मृत्यु हुनेको संख्या ६९ थियो । त्यसको एक वर्ष पश्चात अर्थात, आव २०७७/७८ मा ३ सय ७७ वटा सवारीसाधन दुर्घटना हुँदा ५९ जनाको मृत्यु भएको थियो ।

यसैगरी, गत आव ०७९/८० मा ४८ वटा ट्रक, ७ वटा टिपर, ३३ वटा यात्रुबाहक बस, २ वटा माइक्रो, ५१ वटा जिप/कार, ११ वटा ट्याक्टर, १६ वटा टेम्पो र अन्यमा ५ वटा गरी कुल ३ सय ६० वटा सवारीसाधन दुर्घटनामा परेका हुन् । सबैभन्दा बढी दुर्घटना फागुन महिनामा ४५ वटा भएको तथ्यांकमा देखिन्छ । महिनागत रुपमा साउनमा ३२, भदौमा २२, असोजमा ३३, कार्तिकमा २७, मंसिरमा १९, पुसमा ३३, माघमा ३१, फागुनमा ४५, चैतमा ३१, वैशाखमा २६, जेठमा २६ र असारमा ३५ वटा सवारीसाधन दुर्घटनामा परेको ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ । दुर्घटनामा परी गम्भिर घाइते २ सय ५ जना र सामान्य घाइते ४ सय ६ जना भएका छन् ।

यसैगरी, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले १ वर्षको अवधिमा ३ करोड ६९ लाख ६७ हजार रुपैयाँ राजश्व संकलन गरेको छ । ट्राफिक कार्यालय मकवानपुरले गत वर्ष २०७९/८० को १ वर्षको अवधिमा मादकपदार्थ सेवन गरी सवारी चलाउने, लेन अनुशासन कायम नराख्ने, जथाभावी सवारी पार्किङ गर्ने, तोकिएको भन्दा बढी भाडा लिनेलगायतका कारवाहीबाट राजश्व संकलन गरेको हो । कार्यालयले ४७ हजार ८ सय ९९ सवारी साधन कारवाही गरे बापत यो रकम संकलन गरेको जनाएको छ । आव ०७६/७७ मा कार्यालयले १ करोड ८ लाख ९१ हजार ५ सय, ०७७/७८ मा २ करोड ४५ लाख ८८ हजार ५ सय र आव ०७८/७९ मा २ करोड ३६ लाख ९० हजार ५ सय राजश्व संकलन गरेको थियो । गतवर्ष ०७९/८० मा १ वर्षको अवधिमा संकलन भएको राजश्व गत वर्षको तुलनामा सबैभन्दा बढी हो ।

०७९/८० मा मोटर साइकल मात्रै १३ हजार ३ सय २७ कारबाहीमा परेका थिए । त्यसैगरी दोस्रो नम्बरमा जिप/कार रहेका छन् । गत वर्ष १० हजार १ सय १२ वटा जिप कार कारबाहीमा परेको थियो । ९ हजार ३ सय ९ ट्रक/ट्यांकर/टिपर कारबाहीमा परेर तेस्रोत नम्बरमा रहेको छ भने ८ हजार १ सय १४ टेम्पो/ अटो/ईरिक्सा र अन्य कारबाहीमा परेका छन् । त्यसैगरी गत वर्षमा ५ हजार ३ सय ९३ यात्रुवाहक बस कारबाहीमा परेका छन् भने १ हजार ६ सय ४४ ट्याक्टर कारबाहीमा परेको जिल्ला ट्राफिक कार्यालय मकवानपुरका प्रहरी निरीक्षक आचार्यले जानकारी दिए ।

# हेटौंडामा सुर्तिजन्यपदार्थको अनुगमन सुरु, एक होटल कारबाहीमा

साझाकुरा संवाददाता



हेटौंडा, २ साउन/ हेटौंडा उपमहानगरपालिकाले सुर्तिजन्यपदार्थ बिक्री नियन्त्रण गर्ने अभियान सुरु गरेको छ । उपमहानगरको १३ औं नगरसभाको दोश्रो बैठकले नगरक्षेत्रमा सुर्तिजन्य पदार्थमा प्रतिबन्ध लगाउने निर्णय गरेअनुरुप अभियान सुरु गरिएको हो ।

मंगलबार उपमहानगरका उपप्रमुख तथा बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिका संयोजक राजेश बानियाँको अध्यक्षातामा बसेको बैठकले अनुगमनलाई तिब्रता दिने निर्णय गरेको थियो । बैठकका क्रममा उपप्रमुख बानियाँले उपमहानगरले गरेको निर्णय कार्यान्वयनका लागि कडाईकासाथ लाग्नु पर्ने बताएका थिए । उनले अनुगमनलाई फितलो बनाउँने काम कसैले गर्न नहुँने भन्दै गलत गरेको पाइएमा कारवाही गरिने बताए । उनले अहिलेलाई विद्यालय, सरकारी कार्यालय, सार्वजनिकस्थल र धार्मिकस्थल रहेका क्षेत्रलाई बिषेश कडाईका साथ हेरिने र अन्य क्षेत्रलाई बिस्तारै नियमन थालिने जानकारी दिए ।

अनुगमन समितिले हेटौंडा-२ नगरपालिकारोडमा रहेका १४ वटा व्यवसाय अनुगमन गरेको थियो । अनुगमनका क्रममा उपमहानगर अगाडि रहेको राजदेबी भोजनालय तथा खाजाघरमा सुर्तिजन्य पदार्थ बिक्री गरिहेको फेलापरेसँगै होटललाई २ हजार रुपैयाँ जरीवाना गरेको छ । उपमहानगरले साउन १ गतेबाट सुर्तिजन्यपदार्थको प्रतिबन्धका लागि माइकिङ गरेसँगै सार्वजनिकस्थलमा सुर्तीजन्यपदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन थालेको छ । उपमहानगरले सरकारले जारी गरेको सुर्तीजन्यपदार्थ नियन्त्रण एवं नियमन ऐनलाई टेकेर उपमहानगरपालिकाले २०७७ मा बनाएको निर्देशिकाका आधारमा सुर्तीजन्यपदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन गर्न थालेको हो ।

नियमन सार्वजनिकस्थल, विद्यालय क्षेत्र, सरकारी कार्यालय, अस्पताल, स्वास्थ्यकेन्द्र, चौकी रहेका क्षेत्रको एक सय मिटर क्षेत्रभित्र सुर्तीजन्यपदार्थको बेचबिखन र प्रयोगमा पूर्णरुपमा प्रतिबन्ध लगाउने निर्णय उपमहानगरले गरेको छ । उपमहानगरको निर्देशन नमान्ने जोकोहीलाई २ हजारदेखि २५ हजार सम्म जरिवाना हुने र निषेधित ठाउँबाहेकका होटेल तथा रेस्टुरेन्टमा छुट्टै स्मोकिङ्ग जोनको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ ।

उपमहानगरले थालेको अनुगमन टोलीमा हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन, जिल्ला प्रशासन कार्यालयका टिंकु श्रेष्ठ, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख टीका शर्मा, उपभोक्ता राष्ट्रिय हित संरक्षण मञ्चका अम्बिका बर्तौला, नेपाल उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडा, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दाताराम अधिकारी, उपमहानगरका महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछाने, खाद्य तथा गुणनियन्त्रण कार्यालयका प्रमुख क्षितिज श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधि रुपक बर्णवाल, उपमहानगर समाजकल्याण शाखाका प्रमुख भैरब कुमालको सहभागिता रहेको थियो ।

# आश्रम र मामाघर नेपाललाई सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ वृद्धवृद्धालाई आश्रय दिइरहेको ओम वृद्धाश्रम र बालबालिकाको भविष्य देखाइरहेको मामाघर नेपाललाई मकवानपुरका इन्जिनियरहरुले सहयोग गरेका छन् ।

नेपाल इन्जिनियर्स एसोसिएसन, बागमती प्रदेश समितिले ६१ औं इन्जिनियर दिवसको अबसरमा मंगलबार हेटौंडा-१, स्थित आश्रम र ११ नम्बर वडामा रहेको मामाघर नेपाल पुगेर सहयोगी हात फैलाएका हुन् । इन्जिनियरहरुले मामाघर नेपालमा मंगलबार बिहान-बेलुकाको खाना व्यवस्थापन र ओम वृद्धाश्रममा हस्पिटल बेड एउटा र बिहान-बेलुकाको खाना खुवाएको इन्जिनियर बिक्रम खतिवडाले जानकारी दिए ।

६१ औं इन्जिनियर दिवसको अबसरमा मंगलबार हेटौंडामा प्राविधिक विषयमा सेमिनार र सांगीतिक कार्यक्रम आयोजना गरिएको थियो ।

एसोसिएसनले सामाजिक उत्तरदायित्व अन्तर्गत् सहयोग प्रदान गरेको जनाएको छ । सहयोग हस्तान्तरण कार्यक्रममा प्रदेश समिति सभापति रोहिनी पौडेल, सचिव दिनेश न्यौपाने, सहसचिव विजय थापा, कोषाध्यक्ष विपिन भुषाल, सेन्टर फर्स डेमोक्रेटिक इन्जिनियर्स नेपाल बागमती प्रदेशका निर्वतमान सचिव बिक्रम खतिवडालगायतको उपस्थिति थियो । ओम आश्रममा २५ जना आश्रित छन् । जसमध्ये महिला ५ जना र २० जना पुरुष रहेको आश्रममा कार्यरत् स्टाफ नर्स शान्ति तिमल्सिनाले जानकारी दिइन् ।

# जग्गा पनि छाड्दैनन्....

जग्गा सम्झौताको ६ महिनाभित्र आवश्यक संरचना निर्माण गरिसक्नुपर्ने र २ वर्षभित्रमा उत्पादन थाल्नु पर्ने कानुन लत्याउँदै वर्षौंदेखि जग्गा ओगटेर बसेका उद्योगलाई उन्मुक्ति दिँदै आएको छ । हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले २ असोज २०७९ मा १५ वटा उद्योगको सम्झौता रद्द गर्ने बारे ३५ दिने सूचना निकालेको थियो । जसमध्ये अधिकांश उद्योगले काम नगरी जग्गा ओगटेर मात्रै बसेका छन् । केही उद्योगले लिज हस्तान्तरणको प्रक्रिया थालनी गरेको कार्यालयले जानकारी दिएको छ ।

**५ वटा उद्योग बाहिरिए**

गत आर्थिक वर्ष २०७९/८० मा हेटौंडा औद्योगिक क्षेत्रमा सञ्चालित ५ वटा उद्योगले क्षेत्र नै छाडेर गएको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

एक वर्षको अवधिमा हेटौंडा औधोगिक क्षेत्रमा सञ्चालित दामुचन्द्र माला काष्ठ उद्योगले ३.०० रोपनी क्षेत्रफल छाडेर गएको छ । चुरियामाई काष्ठकला उद्योगले ४.०४ रोपनी, भविष्य मैदा मिल एण्ड हाईजिन प्रालिले १२.८८ रोपनी, रिजोइन क्वालिटी फुडस ई. प्रालिले ५४.२८ रोपनी, एप्पल पोलिमर्स प्रालिले ४० रोपनी क्षेत्रफल छाडेर गएको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

**९ नयाँ उद्योगसँग सम्झौता**

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले गत आर्थिक वर्ष २०७९/८० मा ९ वटा नयाँ उद्योगसँग सम्झौता गरेको छ । राधेराधे ईन्जिनियरिङ वर्कशप ( २.४२ रोपनी), सुहिम प्लाष्टिक प्रोडक्ट ईण्डष्ट्रिज (५ रोपनी), बिएचपी मेनुफ्याक्चरिङ् प्रालि (५ रोपनी) र गुडहोम प्रोडक्ट प्रालि ( १०.३३ रोपनी) जग्गामा उद्योग सञ्चालनका लागि जग्गा सम्झौता गरेका छन् । यति पोलिकेम प्रालि (३ रोपनी), औषधि प्याकेजिङ सोलुसन प्रालिले (४.०४ रोपनी), सेफ्टी हाईजिन प्रालि (१२.८८ रोपनी) र एसियन पेन्टस (नेपाल) प्रालिबट ५४.२८ रोपनी क्षेत्रफलमा नयाँ उद्योगका लागि सम्झौता गरेको हो ।

**२३ उद्योग निर्माणाधीन**

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले दिएको तथ्यांकअनुसार हाल २३ वटा नयाँ उद्योग निर्माणाधीन अवस्थामा रहेको छ । जग्गा सम्झौता भई निर्माणाधीन अवस्थामा रहेको उद्योगमध्ये पेट बोतल उत्पादन, दुध तथा दुधजन्य पदार्थ, औषधिजन्य पेट वोटलका सामानहरु, पिपि ओमन फेब्रिक र बाल पुटीन उत्पादन गर्ने उद्योगहरु जग्गा सम्झौता भई निर्माणकै चरणमा रहेको प्रमुख बिनाडीले जानकारी दिए । यसैगरी, रंगरोगन उत्पादन, विष्कुट तथा बेकरी उत्पादन, पेन्ट तथा पुटीन उत्पादन, ग्याबिन आईरन वायर, मेटल फेब्रिकेशनसम्बन्धी, प्लाष्टिक तथा प्लाष्टिकजन्य सामान, किचनका सामानहरु उत्पादन गर्ने उद्योग निर्माणाधीन रहको कार्यालयले जनाएको छ ।

# सडेगलेको अवस्थामा महिलाको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ मकवानपुरको हेटौंडा उपमहानगर-१३ गोठदमार सल्लाघारी जंगलमा सडेगलेको अवस्थामा एक महिलाको शव फेला परेको छ ।

मंगलबार गोठदमार सल्लाघारीस्थित जंगलमा शव फेला परेको प्रहरीले जनाएको छ । घाँसदाउरा गर्न जंगल पुगेका स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । सडेगलेको शव हेटौंडा-१३ बुद्धचोक बस्ने ४३ वर्षीया कृष्णमाया घलानको रहेको खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । कार्कीका अनुसार गत असार २५ गतेबाट घलान हराएको भनी उनका छोरा समन घलानले प्रहरीमा हुलियासहितको निवेदन दिएका थिए ।

छोराले मृतकको हातमा भएको बाला र कपडाबाट पहिचान गरेको प्रहरीले जनाएको छ । शवलाई पोस्टमार्टमको लागि हेटौंडा अस्पताल पठाइएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# तीन वर्षे फिजियो थेरापी अध्ययन हुने

हेटौंडा, २ साउन/ मकवानपुरमा २७ वर्षदेखि निरन्तर स्वास्थ्य क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको मकवानपुर टेक्निकल इन्ष्टिच्युटले यस वर्षदेखि तीन वर्षे फिजियो थेरापी अध्यापन गराउने भएको छ । गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको मकवानपुरको एकमात्र टेक्निकल इन्ष्टिच्युटले यसवर्षबाट फिजियो थेरापी पढाई हुने इन्ष्टिच्युटका प्रिन्सिपल अमिस सुवेदीले बताए ।

उनले हामीले गतवर्षबाट तीनवर्षे रेडियोग्राफी र ल्याब टेक्निसियन पढाउन सुरु गरेका थियौं भने यस वर्षबाट फिजियो थेरापी पनि पढाई हुने बताए । ४० जनालाई हामीले पढाउँछौ, फिजियो थेरापी पढ्न इच्छुक विद्यार्थीले भर्ना हुनका लागि प्रिन्सिपल सुवेदीले आग्रह गरेका छन् ।

६ वर्षदेखि निरन्तर एचए विषय पढाउँदै आएका हामीले हाम्रा विद्यार्थी अहिले जिल्लाभित्र मात्र नभई जिल्ला बाहिर पनि दक्ष जनशक्तिको रुपमा कार्यरत रहेको सुवेदीले बताए । इन्ष्टिच्युटले सुरुवाती चरणमा १८ महिने सिएमए, अनमी, एएनएम, ल्याब असिस्टेन्ट पढाउँदै आएको थियो । पछिल्लो समय भने एचए, ल्याब टेक्निसियन, रेडियोग्राफी अध्यापन गराउँदै आइरहेको सुवेदीले बताए ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



गोदामघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३



हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

राजश्व संकलन कार्य बन्द हुने सम्बन्धमा

प्रस्तुत बिषयमा यस कार्यालय अन्तर्गत राजश्व प्रशासन शाखाबाट सम्पादन हुँदै आएको राजश्व सम्बन्धी सेवाहरू आर्थिक बर्षको प्रारम्भमा कम्प्युटरकृत तथ्यांक अद्याबधिक र आन्तरिक तयारी गर्नु पर्ने भएकोले मिति २०८० श्रावण १ गते देखि ५ गते सम्म राजश्व प्रशासन शाखाबाट प्रदान गरिने सबै सेवाहरू तथा वडा कार्यालयबाट गरिने राजश्व सम्बन्धी सेवाहरू बन्द रहने ब्यहोरा सम्बन्धित सबै सेवाग्राहीहरूमा निर्देशानुसार जानकारी गराईन्छ । यसबाट सेवाग्राहिमा परेको असुबिधाप्रति उपमहानगरपालिका क्षमायाचना गर्दछ ।



बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा
मकवानपुर, नेपाल

यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।



हार्दिक बधाई तथा शुभकामना



यस निर्माण व्यवसायी संघका सदस्य तथा नेपाल निर्माण व्यवसायी महासंघका आमन्त्रीत सदस्य **श्री इश्वर पण्डित**ज्यू नेपाल परिवार नियोजन जिल्ला शाखा मकवानपुरको ३० औ वार्षिक साधरणसभा तथा अधिवेशनबाट सभापति पदमा चयन हुनुभएकोमा हार्दिक बधाई दिँदै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**बाल गोपाल कंडेल (अध्यक्ष) एवम्**
**निमार्ण व्यवसायी संघ, मकवानपुर परिवार**







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना